# स्थानीय स्वायत्त शासन ऐन, २०५५

## भाग-२

## गाउँ विकास सम्बन्धी व्यवस्था

**परिच्छेद - ४**

**बैठक र कार्य प्रणाली**

२८. **गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार :** (१) गाउँ परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु गराउनुको अतिरिक्त गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(घ) शिक्षा तथा खेलेलकूद सम्बन्धी :-

(३) गाउँ विकास क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।

(७) आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिहरूका छात्र-छात्राहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने ।

(छ) स्वास्थ्य सेवा सम्बन्धी :-

(४) परिवार नियोजन तथा मातृ-शिशु कल्याण सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

(ट) विविध :-

(५) प्रचलित कानूनबमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ।

(६) गाउँ विकास क्षेत्रभित्रका असहाय, अनाथ र अपांग बालबालिकाहरूको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था गर्ने ।

(८) राष्ट्रिय नीतिअनुरूप अनाथ बालबालिका, असहाय महिला, वृद्ध, अपांग तथा अशक्तहरूको संरक्षण सम्वन्धी कार्य गर्ने र सामाजिक कुरीति हटाउने तथा चेलीबेटी एवं नारी संरक्षणसम्बन्धी काम गर्ने, गराउने ।

**परिच्छेद - ६**

**गाउँ विकास समितिको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया**

४३. **गाउँ विकास समितिको योजनाको तर्जुमा :-**

(३) गाउँ विकास समितिले योजनाको तर्जुमा गर्दा देहायबमोजिमका आयोजनाहरूलाई प्राथमिकता दिनु पर्नेछ :-

(ङ) पिछडिएका वर्ग तथा महिला वर्ग र बालबालिकालाई प्रत्यक्ष लाभ हुने ।

(५) आवधिक योजना तर्जुमा गर्दा निम्न विषय समावेश गर्नु पर्नेछ :-

(घ) महिला र बालबालिकाको लागि आयमूलक र सीपमूलक विकास कार्यहरू ।

## भाग-३

## नगरपालिका सम्बन्धी व्यवस्था

## परिच्छेद - ४

## बैठक र कार्य प्रणाली

९६. **नगरपालिकाको काम, कर्तव्य र अधिकार :** (१) नगर परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु, गराउनुको अतिरिक्त नगरपालिकाले नगरपालिका क्षेत्रमा अनिवार्य रूपमा गर्नु पर्ने काम र कर्तव्य देहायबमोजिम हुनेछ :-

(घ) शिक्षा तथा खेलकूद विकास सम्बन्धी :-

(३) नगरपालिका क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।

(४) आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पीडित जनजातिहरूका छात्र-छात्राहरूलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने ।

(छ) स्वास्थ्य सेवा सम्बन्धी :-

(३) परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

(ज) समाजकल्याण सम्बन्धी :-

(१) बेवारिस मृतक व्यक्तिको दाहसंस्कारको व्यवस्था गर्ने, टुहुरा, असहाय तथा अनाथहरूको लागि अनाथलयको व्यवस्था गर्ने, गराउने ।

(२) महिला तथा बालबालिकाको हित र कल्याणसम्बन्धी कार्यक्रम संचालन गर्ने तथा अनैतिक पेशा व्यापार नियन्त्रणसम्बन्धी कार्य गर्ने, गराउने ।

(ञ) विविध:

(९) प्रचलित कानूनबमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ।

(१०) नगरपालिका क्षेत्रभित्रका असहाय, अनाथ र अपांग बालबालिकाहरूको लगत राख्ने र तिनीहरूलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था गर्ने ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमका काम, कर्तव्यको अतिरिक्त नगरपालिका क्षेत्रमा देहायबमोजिमका ऐच्छिक कामहरू समेत गर्न सक्नेछः-

(च) बृद्ध तथा अनाथ आश्रमहरूको व्यवस्था गर्ने ।

## परिच्छेद - ६

### नगरपालिकाको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया

(४) नगरपालिकाले योजनाको तर्जुमा गर्दा देहाय बमोजिमका आयोजनालाई प्राथमिकता दिनु पर्नेछ :-

(ङ) महिला एवं पिछडिएका वर्ग तथा बालबालिकालाई प्रत्यक्ष लाभ हुने ।

(६) आवधिक योजना तर्जुमा गर्दा निम्न विषय समावेश गर्नु पर्नेछ :-

(घ) महिला र बालबालिकाको लागि आयमूलक र सीपमूलक कार्यहरू ।

## भाग-४

## जिल्ला विकास समिति सम्वन्धी व्यवस्था

**परिच्छेद - ४**

**१८९. जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार :** (१) जिल्ला परिषद्को निर्णय र निर्देशनको कार्यान्वयन गर्नु गराउनुको अतिरिक्त जिल्ला विकास समितिको काम र कर्तव्य देहाय वमेजिम हुनेछ :-

(च) महिला विकास तथा असहाय सम्वन्धी :-

(२) राष्ट्रिय नीति अनुरूप अनाथ बालबालिका, असहाय महिला, वृद्ध, अपांग तथा अशक्तहरूको संरक्षण सम्वन्धी कार्य गर्ने र सामाजिक कुरीति हटाउने तथा चेलीबेटीको एवं नारीको संरक्षण सम्वन्धी काम गर्ने, गराउने ।

(झ) श्रमको ज्याला सम्वन्धी :-

(२) बालश्रम निवारण तथा उद्धार सम्वन्धी कार्यक्रम बनाई संचालन गर्ने ।

(ढ) स्वास्थ्य सेवा सम्वन्धी :-

(२) परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण तथा जनसंख्या शिक्षा, जनस्वास्थ्य जस्ता कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने ।

## परिच्छेदेद - ५

## जिल्ला विकास समितिको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया

**१९५. जिल्ला विकास योजनाको तर्जुमा :** (४) आवधिक योजना तयार गर्दा निम्न विषयहरू समावेश गर्नु पर्नेछ :-

(घ) महिला र बालबालिकाका लागि आयमूलक र सीपमूलक विकास कार्यहरू,

**२०१. प्राथमिकता निर्धारण :** जिल्ला विकास योजना तर्जुमा गर्दा निम्नबमोजिमको कार्यक्रमलाई प्राथमकिता दिनु पर्नेछ :-

(ङ) पिछडिएको तथा उत्पीडित जाति, जनजाति एवं महिला र बालबालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरू ।